आज मिति २०८२ साल वैशाख १२ गते शुक्रवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री श्री राजेश राई | |

प्रमुख प्रशासकीय अधिकृत 2082/1/12

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर

०८२/१/१२
अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. आर्थिक वर्ष २०८२/८३ को लागि प्रदेश सरकारलाई योजनाहरु माग सम्वन्धमा

२. आर्थिक वर्ष २०८२/८३ को लागि आमचोक गाउँपालिकाको नीति तथा कार्यक्रम तय गर्ने सम्वन्धमा

३. आमचोक गाउँपालिकाको बाल संरक्षण कोष (स्थापना र सञ्चालन ) कार्यविधि,२०८२ स्वीकृति सम्वन्धमा

४. भूमि समस्या समाधान आयोगको कार्यको लागि फोकल पर्सनको जिम्मेवारी तोक्ने सम्वन्धमा

५. योजनाहरुको म्याद थप सम्वन्धमा

६. अल्लो र गाँजाको कपडा उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्वन्धमा

७. छौङ्खा साकेन्वाको दिन सार्वजनिक विदा दिने सम्वन्धमा

८. भूमि समस्या समाधान आयोगमा थप सूचना प्रकाशनको लागि अनुरोध गरि पठाउने सम्वन्धमा

९. नव प्रवर्तन साझेदारी कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश सम्वन्धमा

१०. म र मेरो भविष्य सम्वन्धी तालिम कार्यक्रम सञ्चालन सम्वन्धमा

११. विपन्नता पहिचान तथा सिफारिस सम्वन्धमा

१२. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको व्यवस्थापन खर्च सम्वन्धमा

१३. आर्थिक सहायता सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल भई आर्थिक वर्ष २०८२/८३ को लागि प्रदेश सरकारलाई तपशिल वमोजिमको योजनाहरु माग गर्ने ।

**श्री सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, बिराटनगर ।**

| सि.न. | कार्यक्रमको नाम | ठेगाना | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | बालंखा खेलकुद मैदान निर्माण | आमचोक -४ | रु ५,००,००,०००।– | DPR भइसकेको |
| २ | बालंखा कवर्ड हल निर्माण | आमचोक -४ | रु १,५०,००,०००।– | |
| ३ | सुरक्षित आवास गृह निर्माण | आमचोक -४ | रु १,००,००,०००।– | |
| ४ | जनता आधारभूत विद्यालय भवन र शौचालय निर्माण | आमचोक -१० | रु. ५०,००,०००।– | |
| ५ | वयाङ खेलमैदान निर्माण | आमचोक -६ | रु १,००,००,०००।– | |
| ६ | पञ्चकन्या मा.वि. घेरावारा | आमचोक -१ | रु. ५०,००,०००।– | |
| ७ | दुम्माना कुसगाउँ खेल मैदान निर्माण तथा स्तरउन्नती | आमचोक -९ | रु. ५०,००,०००।– | |

**श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,कोशी प्रदेश, बिराटनगर ।**

| सि.न. | कार्यक्रमको नाम | ठेगाना | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | बयाङ्ग पावला आमबोटे दुम्माना सडक स्तोरउन्नती | आमचोक -५,६ र ९ | रु ७,००,००,०००।– | DPR भइसकेको |
| २ | वडा कार्यालय भवन | आमचोक -२ | रु १,००,००,०००। | DPR भइसकेको |
| ३ | बालंखा बजार बिस्तार तथा ढल व्यावस्थापन | आमचोक -४ | रु ८,००,००,०००। | DPR भइसकेको |
| ४ | सशस्त्र वेस क्याम्प भवन | आमचोक -२ | रु २,००,००,०००। | |
| ५ | बयाङ्ग सार्लोखा महदेवथान वोवेक छाप्माखोला सडक स्तोरउन्नती | आमचोक -२ र ६ | रु १,००,००,०००। | |
| ६ | बयाङ्ग वसाईगाँउ डुम्रे एखुवाखोला हैखराङ्ग सडक निर्माण | आमचोक -६,७ र ८ | रु ३,००,००,०००। | |

प्रमुख प्रशासकीय अधिकृत 2082/1/12

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

082/1/12 अशोक राई अध्यक्ष

| सि.न. | कार्यक्रमको नाम | ठेगाना | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| ७ | आमबोटे पक्की पुल निर्माण | आमचोक -९ | रु ६,००,००,०००। | |
| ८ | बुवाखोला महादेवथान पक्की पुल निर्माण | आमचोक -१ र ३ | रु ६,००,००,०००। | |
| ९ | बयाङ्ग गैरीगाँउ कावाखोला सडक निर्माण | आमचोक -६ | रु ३,००,००,०००। | DPR भइसकेको |
| १० | बतासे दाङ्खा छाप्माखोला बासिखोरा सडक निर्माण | आमचोक -२ | रु ३,००,००,०००। | DPR भइसकेको |
| ११ | पावला वाराङखोला खुम्तिङ सिपाक सडक निर्माण | आमचोक -५ र १० | रु ३,००,००,०००। | DPR भइसकेको |
| १२ | बालंखा फुईन्ताङ्ग रागातुङ्ग चण्डिथान सडक स्तरउन्नती | आमचोक -४ | रु ३,००,००,०००। | DPR भइसकेको |
| १३ | बालंखा सामारङ्ग चुमाराङ्ग वाप्खा छुख्खा सडक स्तरउन्नती | आमचोक -३ | रु ३,००,००,०००। | DPR भइसकेको |
| १४ | वडा कार्यालय भवन | आमचोक -३ | रु १,००,००,०००। | DPR भइसकेको |
| १५ | लसुने सडक निर्माण | आमचोक - १० | रु ५०,००,०००। | DPR भइसकेको |
| १६ | धारापानी ठेसुवा सडक निर्माण | आमचोक - १० | रु ५०,००,०००। | |
| १७ | थिदिङ्खा वालांखा वयाङ घोरेटार सडक | आमचोक - ३,४,६ | रु ८०,००,००,०००। | डिपिआर सम्पन्न |
| १८ | वालंखा दुम्माना हैखराङ्ग एखुवाखोला चुहार सडक कालोपत्रे | आमचोक - ४,८,९ र १० | रु १०,००,००,०००। | |
| १९ | रानिटार पाङ्चा वालंखा यूँ वासिङथर्पू पामाखाम भञ्ज्याङ्ग सडक स्तरउन्नती | आमचोक - १,२,३,४,९ र १० | रु ५०,००,००,०००। | |
| २० | वसाईगाउँ सेपी वाराटाङ्ग सडक निर्माण | आमचोक - ७ | रु २,००,००,०००। | |
| २१ | साइलाम सागुरी लिच्चिला सडक निर्माण | आमचोक - ७ | रु २,००,००,०००। | |
| २२ | पाङ्चा दारेगौँडा ठेसुवा गरगरे सडक स्तरउन्नती | आमचोक - १० | रु २,००,००,०००। | |
| २३ | वालंखा भिमेश्वरी वनेवा महादेवथान वासिङथर्पु सडक स्तरउन्नती | आमचोक – १ र ३ | रु २,००,००,०००। | |
| २४ | वयाङ वजार वुङसुराङ्ग तुम्मा वाराताङ्ग सडक स्तरउन्नती | आमचोक - ६ | रु २,००,००,०००। | |

**श्री स्वास्थ्य मन्त्रालय,कोशी प्रदेश, बिराटनगर ।**

| सि.न. | कार्यक्रमको नाम | ठेगाना | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य कार्यालय भवन | आमचोक -३ | रु ३,००,००,०००। | DPR भइसकेको |
| २ | स्वास्थ्य कार्यालय भवन | आमचोक -९ | रु ३,००,००,०००। | DPR भइसकेको |
| ३ | स्वास्थ्य कार्यालय भवन | आमचोक -२ | रु ३,००,००,०००। | DPR भइसकेको |

**श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, बिराटनगर ।**

| सि.न. | कार्यक्रमको नाम | ठेगाना | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | छौखा साकेन्वा पार्क निर्माण | आमचोक -४ | रु ५,००,००,०००।– | DPR भइसकेको |
| २ | श्री महायन देक्षन सयोलिङ गुम्बा निर्माण | आमचोक -१ | रु १,५०,००,०००।– | DPR भइसकेको |
| ३ | सिंहदेवीथान वासिराङ व्यवस्थापन | आमचोक -२ | रु १,५०,००,०००।– | DPR भइसकेको |
| ४ | हिमालायन महायन देक्षन सयोलिङ गुम्बा निर्माण | आमचोक -३ | रु ३,००,००,०००।– | DPR भइसकेको |
| ५ | वुवाखोला महादेवथान मन्दिर पुनः निर्माण | आमचोक -१ | रु १,००,००,०००।– | DPR भइसकेको |
| ६ | थलथले पिकनिक स्पोर्ट निर्माण,आमचोक १ | आमचोक -१ | रु ५०,००,०००। | |
| ७ | थामडाँडा पर्यटन पुर्वाधार विकास कार्यक्रम | आमचोक -१ | रु ३,००,००,०००। | डिपिआर सम्पन्न |
| ८ | वयाङ पर्यटन पूर्वाधार विकास योजना | आमचोक -६ | रु ५०,००,०००। | |
| ९ | सिद्धथान पर्यटन पूर्वाधार विकास योजना | आमचोक -१० | रु १,००,००,०००।– | |
| १० | डुङडुङ्गे गुफा संरक्षण | आमचोक -९ | रु ५०,००,०००। | |

प्रमुख प्रशासकीय अधिकृत २०८२।१।१२

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

०८२।१।१२
अशोक राई
अध्यक्ष

श्री उधोग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, बिराटनगर ।

| सि.न. | कार्यक्रमको नाम | ठेगाना | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | किवी ब्लक निर्माण | आमचोक गाउँपालिका | रु ५०,००,०००। | DPR भइसकेको |
| २ | किवी प्रशोधन उद्योग स्थापना | आमचोक गाउँपालिका | रु ५०,००,०००। | |
| ३ | कृषि एम्वुलेन्स | आमचोक गाउँपालिका | रु ५०,००,०००। | |

श्री खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेश, बिराटनगर ।

| सि.न. | कार्यक्रमको नाम | ठेगाना | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | तुम्मा धामिखोला वाराताङ्ग खानेपानी योजना | आमचोक -६ | रु ५०,००,०००। | DPR हुने क्रम्मा रहेको । |
| २ | नावाला तुम्मा वाराताङ्ग सिँचाई योजना | आमचोक -६ | रु ६०,००,०००। | DPR भइसकेको |
| ३ | माङभर वाराताङ्ग खोला सिंचाई योजना | आमचोक -६ | रु ६०,००,०००। | DPR भइसकेको |
| ४ | वाक्सिखोला सिचाई योजना | आमचोक -७ | रु १,००,००,०००। | DPR भइसकेको |
| ५ | वामाराङ खुम्तिङ सिचाई योजना | आमचोक -१० | रु १,००,००,०००। | DPR भइसकेको |
| ६ | भिरकोट खानेपानी आयोजना | आमचोक -३ र ४ | रु ५०,००,०००। | |
| ७ | छङ्छङे वाघभिर खोला बयाङ बजार खानेपानी आयोजना | आमचोक -६ | रु ३,००,००,०००। | |
| ८ | लिफ्टिङ सिंचाई योजना | आमचोक -३ | रु ३,००,००,०००। | |
| ९ | चुकिला लिफ्टिङ्ग खानेपानी | आमचोक -८ | रु ५०,००,०००। | |
| १० | वोखिमटार खानेपानी योजनना | आमचोक -९ | रु ५०,००,०००। | |
| ११ | हैखराङ्ग द्ववागे खानेपानी | आमचोक -८ | रु ५०,००,०००। | |
| १२ | खलङ्गा लिफ्टिङ्ग खानेपानी योजना | आमचोक -८ | रु १,५०,००,०००। | |
| १३ | कालिमाटी खानेपानी योजना | आमचोक -८ | रु ५०,००,०००। | |

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल भई आर्थिक वर्ष २०८२/८३ मा आमचोक गाउँपालिकाले तपशिल वमोजिमको मुख्य नीति तथा कार्यक्रमको आधारमा योजना तयारी तथा वजेट विनियोजन गर्ने ।

क) नया सडकहरुको ट्र्याक ओपन नगर्ने । गर्नै परे अति आवश्यक र महत्वपूर्ण सडकमा निर्णय गरेर मात्र गर्ने ।

ख) एक वडा एक सामुदायिक कृषि फर्मको अवधारणा अनुरुप यस वर्ष लेकाली भुभागमा एक कृषि फर्मको स्थापना गर्ने ।

ग) गुणस्तरिय शिक्षा प्रणालीलाई अवलम्वन गरी नमूना विद्यालयको लागी एक विद्यालय छनौट गर्ने ।

घ) खानेपानी प्रणालीलाई आमचोक गाउँपालिकाको खानेपानी ऐन २०८० वमोजिम व्यवस्थित वनाउने ।

ङ) विपन्न जनता आवास कार्यक्रम सञ्चालन कार्यविधि वमोजिम गरिवी वर्गीकरणको गरीव र अति गरीव वर्गको लागि जनता आवास कार्यक्रम र फुसको छानो हटाउने कार्यक्रमलाई निरन्तरता दिने ।

च) एकलाख भन्दा मुनिको कुनै योजना छनौट नगर्ने । वडा समितिले अनिवार्य ५ लाख माथिको एक वा सोभन्दा वढी योजनाको छनौट गर्ने । आवश्यक्ता अनुसार ५०/५० प्रतिशत सोझेदारीमा संचालन गर्ने योजनाहरुको लागि वडाहरुले ५ लाख भन्दा माथिको वजेट एकवटा योजनाको लागि विनियोजन गर्ने ।

छ) गाउँपालिकालाई आवश्यक्ता अनुसार नगर प्रहरीको व्यवस्था गर्ने ।

ज) आर्थिक वर्ष २०८२/८३ लाई कानून वर्ष घोषणा गर्ने ।

झ) गाउँपालिकामा एक सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने ।

ट) आमचोक गाउँपालिकालाई वालमैत्री घोषणा कार्यको आगामी वर्ष वडा नं ५ र ८ लाई वालमैत्री वडा घोषणा गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत 2082/1/12

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

082/1/12

अशोक राई
अध्यक्ष

ठ) गाउँपालिका र वडावाट सञ्चालित अधुरा योजनाहरुलाई प्राथमिक्ता दिएर सम्पन्न गर्ने ।

ड) वजेट शिलिङलाई विषयगत क्षेत्र अनुसार वाँडफाँड गर्ने ।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल भई आमचोक गाउँपालिकाको बाल संरक्षण कोष (स्थापना र सञ्चालन ) कार्यविधि, २०८२ स्वीकृति गर्ने ।

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल भई आमचोक गाउँपालिकामा भूमि समस्या समाधान आयोग अन्तर्गतका कार्य गर्नको लागि प्रशासन शाखा प्रमुख श्री राजेश राईलाई फोकल पर्सनको जिम्मेवारी तोक्ने ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल भई तपशिल वमोजिमको योजनाहरुको म्याद समाप्त भएकोले उपभोक्ता समितिहरुको आवेदन र योजना शाखाको टिप्पणी वमोजिम २०८२ असार २० गते सम्मको लागि म्याद थप गर्ने ।

| क्र स | योजनाको नाम र ठेगाना | म्याद समाप्त भएको मिति | म्याद थप गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | उद्यम विकास भवन निर्माण साझेदारि आमचोकः१ | २०८१।१२।२९ | लागत अनुमान अनुसार समयमा सामान नपाएको। |
| २ | चर्च घर घेरा तथा शौचालय निर्माण आमचोकः २ | २०८१।१२।३० | लागत अनुमान अनुसार समयमा सामान नपाएको। |
| ३ | राकेंटार गुम्वा भान्साघर निर्माण आमचोकः २ | २०८१।१२।३० | लागत अनुमान अनुसार समयमा सामान नपाएको। |
| ४ | दावुराङ साकेन्वा बजार ब्यवस्थापन आमचोकः२ | २०८१।१२।३१ | लागत अनुमान अनुसार समयमा सामान नपाएको। |
| ५ | पावला छौटे कृषि सडक निर्माणआमचोकः ५ | २०८१।१२।३० | समयमा स्काभेटर मेसिन नपाएको। |
| ६ | सोकोराङ टाङटुक कृषि सडक सर्भे तथा निर्माण आमचोकः ५ | २०८१।१२।३० | समयमा स्काभेटर मेसिन नपाएको। |
| ७ | पावला जिमिथानी कृषि सडक निर्माण आमचोकः ५ | २०८१।१२।३० | समयमा स्काभेटर मेसिन नपाएको। |
| ८ | पावला खालिङ भञ्चयाङ खुम्तिङ पाङ्चा सडक आमचोकः५ | २०८१।१२।३० | लागत अनुमान अनुसार समयमा सामान नपाएको। |
| ९ | पञ्चकन्या आ वि बालमैत्री फर्निचर निर्माण आमचोक - ७ | २०८१।१२।३० | दक्ष कामदार अभाव |
| १० | गणतान्त्रिक मार्ग बसाईगाउँ सडक निर्माण आमचोक- ७ | २०८१।१२।३० | समयमा स्काभेटर मेसिन नपाएको |
| ११ | बसाईगाउँ खेल मैदान व्यस्थापन आमचोक-७ | २०८१।१२।३० | लागत अनुमान अनुसार सामाग्रिहरु व्यवस्थापन नभएको |
| १२ | चण्डिखोला एखुवाधारा खानेपानी मर्मत तथा बिस्तार आमचोक-३ | २०८१।१२।३० | लागत अनुमान अनुसार सामाग्रिहरु व्यवस्थापन नभएको |
| १३ | खोपेढुङ्गा खानेपानी ईन्टेक निर्माण | २०८१।१२।३० | लागत अनुमान अनुसार सामाग्रिहरु व्यवस्थापन नभएको |
| १४ | सुवेदी कुलपुजा घेराबारा निर्माण आमचोक-३ | २०८१।१२।३० | लागत अनुमान अनुसार सामाग्रिहरु व्यवस्थापन नभएको |
| १५ | भगवती आ वि मर्मत तथा व्यवस्थापन आमचोक-९ | २०८१।१२।३० | लागत अनुमान अनुसार सामाग्रिहरु व्यवस्थापन नभएको |
| १६ | गैरीगाउँ हैखराङ्ग सडक निर्माण आमचोक-८ | २०८१।१२।३० | समयमा स्काभेटर मेसिन नपाएको |
| १७ | जिमिथानी मन्दिर प्रतिक्षालय निर्माण आमचोक-५ | २०८१।१२।३० | लागत अनुमान अनुसार सामाग्रिहरु व्यवस्थापन नभएको |

प्रमुख प्रशासकीय अधिकृत 2082/1/12

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

अशोक राई अध्यक्ष 082/1/12

| क्र स | योजनाको नाम र ठेगाना | म्याद समाप्त भएको मिति | म्याद थप गर्नुपर्ने कारण |
|---|---|---|---|
| १८ | सामुदायिक भवन निर्माण आमचोक-६ | २०८१।१२।३० | लागत अनुमान अनुसार सामाग्रिहरु व्यवस्थापन नभएको |
| १९ | जाल्पा आ बि गेट निर्माण तथा घेराबारा आमचोक -२ | २०८१।१२।३० | लागत अनुमान अनुसार सामाग्रिहरु व्यवस्थापन नभएको |
| २० | दाबुराङ्ग साकेन्वा बजार व्यवस्थापन आमचोक-२ | २०८१।१२।३० | लागत अनुमान अनुसार सामाग्रिहरु व्यवस्थापन नभएको |
| २१ | आमचोक कृषि सहकारी मार्फत उखु खेती कार्यक्रम आमचोक-४ | २०८१।१२।३० | मौसम अनुकुलता नभएको |
| २२ | प्रतिक्षालय निर्माण आमचोक-२ | २०८१।१२।३० | लागत अनुमान अनुसार सामाग्रिहरु व्यवस्थापन नभएको |
| २३ | पञ्चवती प्रा बि घेराबारा तथा गेट निर्माण आमचोक-२ | २०८१।१२।३० | लागत अनुमान अनुसार सामाग्रिहरु व्यवस्थापन नभएको |
| २४ | जलकेनी खानेपानी योजना आमचोक ९ | २०८१।१२।३० | लागत अनुमान अनुसार सामाग्रिहरु व्यवस्थापन नभएको |

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई अल्लो र गाँजाको कपडा उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि जिल्ला घरेलु तथा सानो उद्योग कार्यालय भोजपुरसँग साझेदारीमा १ महिने तालिम सञ्चालन गर्नको लागि वडा नं. २, ४, ८, ९ र १० देखि जम्मा २० जना सहभागी छनौट गर्नको लागि ५ दिने सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल भई जन्तेढुङ्गा-४ डम्वर्खु शिवालय खोटाङ्गमा पुजा गरिने र आमचोक-४ वालंखा स्थित चण्डीडाँडामा धार्मिक मेला लाग्नेगरी वर्षको दुईपटक जेष्ठ महिनामा उभौली र मंसिर महिनामा उधौली पुजा गरिने सम्पूर्ण किराँत राई समूदायकै पुरानो र जेठो साकेन्वा मानिने ऐतिहाँसिक छौंखा साकेन्वा किराँत राईहरुको मात्र नभई यहाँका अन्य जातजाति र धर्मवलम्वीहरुको समेत आस्था र विश्वासको प्रतिकको रुपमा स्थापित भई धार्मिक पर्यटनको रुपमा विकास भईरहेको सन्दर्भमा यहि २०८२ जेष्ठ ५ गते सोमवारका दिन उभौली साकेन्वा पुजा परेकोले सो दिन यस गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालय तथा गैर सरकारी संघ संस्थाहरुलाई स्थानीय विदा दिने ।

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल भई आमचोक गाउँपालिका क्षेत्रभित्र सुकुम्वासी तथा अव्यवस्थित वसोवास सम्वन्धी आवेदन दिन छुट भएका व्याक्तिहरुको लागि पुन एकपटक भूमि समस्या समाधान आयोगमा थप सूचना प्रकाशनको लागि अनुरोध गरि पठाउने ।

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल भई प्रदेश सरकारको सूचना वमोजिम नव प्रवर्तन साझेदारी कार्यक्रम सञ्चालन अन्तर्गत आमचोक गाउँपालिकामा जम्मा रु.२ करोड लागत अनुमान हुने गरी किवि पकेट कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने । कार्यविधि वमोजिमको ३० प्रतिशत लागत साझेदारी रकम गाउँपालिकाले विनियोजन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत 2082/1/12

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर २०७३

082/1/12
अशोक राई
अध्यक्ष

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथि छलफल भई मेन्टर रजत मणि हार्तम्छालीको सहजिकरण र कम नेपालको प्राविधक सहयोगमा एसइइ दिएर वसेका युवाहरुको लागि म र मेरो भविष्य सम्वन्धी २ दिने तालिम आमचोक गाउँपालिकाको वडा नं ४ मा २०८२ वैशाख १७ र १८ गते र वडा नं ९ मा २०८२ वैशाख १९ र २० गते सञ्चालन गर्ने । सो तालिममा चिया नास्ताको व्यवस्था गाउँपालिकाले गर्ने साथै एक स्थानमा ५० जना सहभागीताको लागि सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.११**

प्रस्ताव नं. ११ माथि छलफल भई मृगौला प्रत्यारोपन/डाइलासिस गराइरहेका/क्यान्सर रोगी/मेरुदण्ड पक्षघाटको विरामी लाई औषधी उपचार खर्च उपलव्ध गराउने कार्यविधि २०७८ को दफा २ वमोजिम गरिविको परिचयपत्र आवश्यक हुने भएको तर आमचोक गाउँपालिकामा गरिवि वर्गिकरणको कुनै पनि निस्सा मन्त्रालयले हालसम्म नदिएकोले लक्षित वर्गलाई मासिक खर्च भुक्तानीको लागि वडा कार्यालयले नै विपन्नता पहिचान तथा सिफारिस गर्ने ।

**निर्णय नं.१२**

प्रस्ताव नं. १२ माथि छलफल भई आमचोक गाउँसभाले विनियोजित सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम शिर्षकको रकम पहिलो र दोश्रो त्रैमासिकको भत्ता वितरण गर्दा नै सकिएकोले तेश्रो त्रैमासिकको भत्ता वितरण गर्दा हुने व्यवस्थापन खर्च नेपाल सरकार राजश्व अनुदानको विविध शिर्षिकवाट भुक्तानी दिने ।

**निर्णय नं.१३**

प्रस्ताव नं. १३ माथि छलफल भई आवश्यक कागजात र वडा कार्यालयको सिफारिस वमोजिम तपशिल वमोजिमको व्यक्तिहरुलाई नेपाल सरकार राजश्व अनुदानको अन्य सहयता शिर्षकवाट आर्थिक सहायता उपलव्ध गराउने ।

क) आमचोक गाउँपालिका वडा नं. ४ निवासी बालजित राईको मिति २०८२/०१/०१ गतेका दिन दुई जना छोराहरुको पोखरीमा दुवेको अवस्थामा उद्धार गरी वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा थप उपचारको लागि लैजादै गर्दा बाटोमै मृत्यु भएकोले नीज बालजित राईको आर्थिक अवस्था कमजोर भएको भनी वडा कार्यालयको सिफारिस र अस्पतालको पोष्टमार्टम रिपोर्टम रिपोर्टको आधारमा पोष्टमार्टम गरी घरमा ल्याउदा भएको खर्च रकम रु.४००००।(चालिसहजार) आर्थिक सहायता दिने ।

ख) आमचोक गाउँपालिका वडा नं. ३ निवासी डम्बर बहादुर बि.क.को मिति २०८१/१२/३१ गतेका दिन घरमा आगलागी भइ घर जलेर नष्ट भएको भनी प्रहरी सर्जमिन मुचुल्का र वडा कार्यालयको सिफारिस बमोजिम रु.१००००।(दसहजार) आर्थिक सहायता दिने ।

ग) आमचोक गाउँपालिका आर्थिक अवस्था कमजोड भएको वडाको सिफारिस समेत भएकोले रु.१००००। (दशहजार) आर्थिक सहायता दिने । वडा नं. २ निवासी दुर्गा कुमार राईको मिति २०८१/१२/२२ गतेका दिन भान्सा घर जलेर नष्ट भएको भनी प्रहरी सर्जमिन मुचुल्का र वडा कार्यालयको सिफारिस बमोजिम रु.१००००।(दसहजार) आर्थिक सहायता दिने ।

घ) आमचोक ९ निवासी लाल माया तामाङ्को मिति २०८१/११/१७ गतेको दिन हावा हुरीको कारण सुजता कृषि तथा पशुपालन फर्मको पूर्ण क्षेत्री पुर्याएको वडा कार्यालयको सिफारिस वमोजिम रु.१००००।(दशहजार) आर्थिक सहायता दिने ।

प्रमुख प्रशासकीय अधिकृत २०८२/१/१२

अशोक राई अध्यक्ष ०८२/१/१२